बैठक संख्याः ४

श्री

आज मिति २०८१ साल कार्तिक १३ गते विहान ७:०० वजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

## उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्री प्रकाश खनाल, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुर्व थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | | श्री जानकी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |
| | | व्यवस्थापन टोलि | |
| २८. | | कृष्णबहादुर थापा क्षेत्री, अधिकृत छैठौं | |

प्रस्तावहरु :

१. "बर्दघाट नगरपालिकाको कार्यसञ्चालन खर्च सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८१" दोस्रो सम्शोधन सम्बन्धमा ।

२. चालु आर्थिक वर्ष २०८१/०८२ मा सडक वोर्ड नेपालबाट सञ्चालन गरिने योजना छनौट सम्बन्धमा ।

३. मर्मत सम्भारका योजना छनौट सम्बन्धमा ।

४. बजेट खर्च सम्बन्धमा ।

५. सफेदाको रुख कटान सम्बन्धमा ।

६. खजुरा खोला ठेक्का सम्बन्धमा ।

७. विविध ।

क) महिला स्वास्थ्य स्वयमसेविकाको यातायात खर्च सम्बन्धमा ।

ख) सडकमा परेको विद्युत पोल स्थानान्तरण सम्बन्धमा ।

निर्णय नं. १

- विद्येयक समितिबाट दफावार छलफल भई आएको "बर्दघाट नगरपालिकाको कार्यसञ्चालन खर्च सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८१" स्वीकृत गर्ने।

निर्णय नं. २

- चालु आर्थिक वर्ष २०८१/०८२ मा सडक वोर्ड नेपाल मार्फत सञ्चालन गरिने योजनाहरुलाई देहायवमोजिम प्राथमिकताका आधारमा स्वीकृत गर्ने ।

| सि.नं | योजनाको नाम र सञ्चालन स्थल | योजना स्थल | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| १. | जमुनावोटदेखि वडा कार्यालयहुदै खानेपानी टंकी जाने कालोपत्रे सडक मर्मत | वडा नं. २ | | |
| २. | अमरदिप टोल लोकमार्गदिखि उत्तर तर्फ जाने कालोपत्रे सडक मर्मत | वडा नं. १० | | |

निर्णय नं. ३

- चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८१/०८२) मर्मत सम्भार कोष शीर्षकमा (ब.सि.नं १८०) मा छुट्टाईएको बजेट रु १,००,००,०००/- (रुपैया एक करोड मात्र) रकमबाट सञ्चालन गरिने योजनाहरुलाई देहायवमोजिम बाँडफाँड गरि प्राथमिकताका आधारमा स्वीकृत गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १. | कालोपत्रे सडक मर्मत सम्भार | १,३,४,५,७,८,१२,१३,१४ र १६ | ६०,००,०००.० | अत्यन्त जीर्ण भएकोले | |
| | जम्मा | | ६०,००,०००.० | | |

**निर्णय नं. ४**

क) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८१/०८२) **हाटवजार र पाडावजार** शीर्षकमा (ब.सि.नं २२७) मा छुट्टाईएको बजेट रु २०,००,०००/- (रुपैया बीस लाख मात्र) रकमबाट सञ्चालन गरिने योजनाहरुलाई देहायवमोजिम बाँडफाँड गरि प्राथमिकताका आधारमा स्वीकृत गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | हाटवजार निर्माण, मर्मत तथा व्यवस्थापन | १५ | ३,००,०००.० | अन्यन्त जीर्ण भएकोले | |
| २. | बर्दघाट हाटवजार निर्माण, मर्मत तथा व्यवस्थापन | ४ | ६,००,०००.० | अन्यन्त जीर्ण भएकोले | |
| ३. | पाडावजार निर्माण, मर्मत तथा व्यवस्थापन | १३ | ११,००,०००.० | अन्यन्त जीर्ण भएकोले | |

ख) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८१/०८२) **वडाभरि बाटो पि.सि.सि ढलान** शीर्षकमा (ब.सि.नं ४८५) मा छुट्टाईएको बजेट रु ९,५०,०००/- (रुपैया नौ लाख पचास हजार मात्र) रकमबाट सञ्चालन गरिने योजनाहरुलाई देहायवमोजिम बाँडफाँड गर्न सम्बन्धित वडा कार्यालयबाट माग भई आएकोले प्राथमिकताका आधारमा योजना छनौट गरी स्वीकृत गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | वडाभरी बाटो पि. सि. सि. ढलान र सपहिया, वडकिभटौलिया र हुलाकी छठघाट पि. सि. सि. ढलान | १२ | ९,५०,०००.० | अन्यन्त जीर्ण भएकोले | |

ग) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८१/०८२) **विविध कार्यक्रम खर्च** शीर्षकमा (ब.सि.नं १०८) मा छुट्टाईएको बजेट रु ५,००,०००/- (रुपैया पाच लाख मात्र) रकमलाई नगर कार्यपालिकाको कार्यालयबाट बाँडफाँड भएको देहाय वमोजिम रकम अनुमोदन गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | बृहत साँस्कृतिक कार्यक्रम बर्दघाट-५ नवलपरासी | ५ | २५,०००.० | माग वमोजिम | |

घ) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८१/०८२) **विपद् व्यवस्थापन** शीर्षकमा (ब.सि.नं २२२) मा छुट्टाईएको बजेट रु ५०,००,०००/- (रुपैया पचास लाख मात्र)

रकमलाई यस वर्षको अविरल बर्षाका कारण घर भत्किएर सुरक्षितवास बनाउन नसक्ने आर्थिक अवस्था कमजोर भएका देहायका नागरिकहरुलाइ देहाय वमोजिम रकम अनुदान उपलब्ध गराउने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | रेशम भेटवाल | ६ | १०,०००.० | घर भत्किएको | |
| २. | रेनुका भट्टराई | ६ | ५,०००.० | गोठ भत्किएको | |
| ३. | बुद्धिराम थारु | ६ | ५,०००.० | गोठ भत्किएको | |
| ४ | भुरिया देवी थरुनी | ६ | १०,०००.० | घर भत्किएको | |
| ५ | जित कुमारी थारु | ६ | १०,०००.० | घर भत्किएको | |
| ६ | धनबहादुर पौडेल | ५ | १०,०००.० | आगजनी | |
| ७ | केवल प्रसाद मुसहर | १५ | १०,०००.० | घर भत्किएको | |

ङ) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८१/०८२) देहायको शीर्षकमा (ब.सि.नं ३५९ र ३६१) मा छुट्टाईएको कुल बजेट रु १०,००,००,०००/- (रुपैया दश लाख मात्र) रकमलाई श्री शान्ति निकुञ्ज रेवती गौमाता गौतम माध्यमिक विद्यालयको पूर्वाधार निर्माणको ठेक्का प्रकृयामा अपुग रकमको श्रोत सहमतिमा समावेश गर्न भनि सम्बन्धित वडा नं ५ को वडा कार्यालयको च नं २९७ मिति २०८१/०७/०७ मा सिफारिस भई आएकोले उक्त रकम श्रोत सहमतिमा समावेश गर्ने ।

| सि.नं | योजनाको नाम | वडा नं | विनियोजन रकम रु | विद्यमान अवस्था | कै |
|---|---|---|---|---|---|
| १. | साविधी चौधरीको घरदेखी शिव शर्माको घरसम्मको बाटो स्तरीकरण | ५ | ५,००,०००.० | श्रोत सहमति | |
| २. | छट्टिमाता पोखरी संरक्षण | ५ | ५,००,०००.० | श्रोत सहमति | |

**निर्णय नं ५**

- बर्दघाट नगरपालिका वडा नं १३ स्थित रहेको जहदा स्वास्थ्य चौकी परिसरमा निर्माण भएको वर्थिङ्ग सेन्टर भवनको उत्तरतर्फ साविक जहदा-३/ङ कि. नं. ३६ को जम्मा ज. वि. ३-२-०-० जग्गामा रहेको सफेदाक (युग्लि लिप्टस) रुख थान-३ हावाहुरीको समयमा रुख ढलि भवनलाई क्षति पुऱ्याउन सक्ने र मानविय क्षति हुन सक्ने सम्भावना रहेकोले उक्त रुख कटानको लागि डिभिजन वन कार्यालय, नवलपरासीमा अनुरोध गर्ने ।

**निर्णय नं. ६**

- यस नगरपालिका स्थित वडा नं ५, १४ अन्तर्गत पर्ने खजुरा खोलाको वातावरणीय परिक्षण प्रतिवेदनमा उल्लेखित ३ वटा उत्खनन् क्षेत्रबाट नदिजन्य पदार्थ उत्खनन् संकलन तथा विक्रि वितरण गर्ने सन्दर्भमा मिति ०८१/४/२७ मा नगर कार्यपालिका वैठकको निर्णयअनुसार विधुतिय वोलपत्र मार्फत ठेक्का सूचना प्रकाशन भएको । उत्खनन् क्षेत्र नं १ र उत्खनन् क्षेत्र नं २ वन क्षेत्रमा पर्ने भएको व्यहोराको जानकारी डिभिजन वन कार्यालयबाट मिति ०८१/०६/११ मा प्राप्त भएको । वन तथा चुरे क्षेत्रबाट नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गर्दा सम्बन्धित निकायको सहमति आवश्यक पर्ने कानुनी प्रावधान बमोजिम आवश्यक सहमतिको लागि राष्ट्रपति चुरे तराई मधेस संरक्षण समितिमा र डिभिजन वन कार्यालय परासी नवलपरासीमा पत्राचार गरिएकोमा डिभिजन वन कार्यालयबाट मिति ०८१/०६/१५ मा लुम्बिनी प्रदेश सरकारको वन क्षेत्रभित्रका खोल्सा खोल्सी व्यवस्थापन कार्यविधि, २०८० बमोजिम सामुदायिक वन मार्फत नदिजन्य पदार्थको व्यवस्थापन गर्नुपर्ने कानुनी व्यवस्था रहेकोले सहमति दिन नमिल्ने वेहोराको जवाफ प्राप्त भएको । विशेष आर्थिक क्षेत्र प्राधिकरण भैरहवाको तर्फबाट नमुना औद्योगिक ग्राम निर्माणका सम्बन्धमा चासो व्यक्त गरेको सन्दर्भमा नगरपालिकाबाट भएको आय ठेक्का प्रकृया रद्ध गर्ने र आय ठेक्कामा सहभागी भएका सबै कम्पनीहरुको धरौटी बापतको रकम समेत फिर्ता दिने ।

**निर्णय नं ७ विविध**

क) बर्दघाट नगरपालिका अन्तर्गत विभिन्न स्वास्थ्य संस्थामा रहेका महिला स्वास्थ्य स्वयमसेविकाहरुले प्राप्त गर्दै आएको विविध तथा यातायात खर्चमा रु. १०००.० (रुपैया एक हजार मात्र) रकम थप गरी उपलव्ध गराउने ।

ख) वर्दघाट नगरपालिका वडा नं १५ स्थित पृथ्वीबस्ती बुद्धचोकदेखि १५ नं वडा कार्यालय जाने सडक स्तरीकरण गर्न कार्यमा सडकको बिचमा भागमा विद्युत पोल पर्न गई सडक निर्माण कार्यमा कठिनाई भएकोले उक्त पोल स्थानान्तरणको लागि चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ.व. २०८१/०८२) **विपद व्यवस्थापन** शीर्षकमा (ब.सि.नं ५७१) मा छुट्टाईएको बजेट रु ३,०६,०००/- (रुपैया तीन लाख छ हजार मात्र) रकमबाट खर्च गर्ने गरी नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र बर्दघाट शाखामार्फत कार्य अगाडि बढाउने ।